# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ ज्येष्ठ १४ गते

## आयोगको ध्यानाकर्षण

मिति २०७१/०२/१४ गते प्रकाशित कान्तिपुर दैनिकमा **"आयोगमा धाउँदैमा १३ वर्ष बिते"** शीर्षकको समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । समाचारमा उल्लेख भए अनुसारका तेजबहादुर भण्डारीलाई बेपत्ता पारिएको र मुक्तिनाथ अधिकारीको हत्या गरिएको भन्ने उजुरीहरुउपर आयोगबाट अनुसन्धान पूरा भई आयोगबाट निर्णय भैसकेको र नेपाल सरकार समक्ष आयोगको सिफारिस कार्यान्वयनको लागि पत्राचार समेत गरिएको कुरा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउन चाहन्छ । आयोगमा प्राप्त उललेखित दुवै उजुरीहरु र ती उजुरीहरुउपर आयोगबाट भएको सिफारिस तथा कार्यान्वयनको अवस्था सम्बन्धी जानकारी आयोगबाट पछिल्लो समयमा प्रकाशति "आयोगका तेह्र वर्ष **उजुरीउपर आयोगका सिफारिसहरु र कार्यान्वयनको अवस्था** (२०५७-२०७०)" नामक प्रकाशनमा समेत उल्लेख भएको छ । ती दुवै उजुरी सम्बन्धमा आयोगबाट भएको निर्णय देहाय बमोजिम रहेको छ :-

१.) **लमजुङ्ग जिल्ला सिमपानी गा.वि.स वडा नं. ३ भलामका तेजबहादुर भण्डारी** का सम्बन्धमा माथि उल्लेखित प्रकाशनको पृष्ठ संख्या ३९९ क्र.सं.४३३ मा उल्लेख रहेको ।

**उजुरीको संक्षिप्त विवरण** पोखरा, मिसिल नं.४८८, लमजुङ्ग जिल्ला सिमपानी गा.वि.स. वडा नं. ३ भलाम वस्ने वर्ष ५६ का पूर्व शिक्षक तथा ने.क.पा माले सिमपानी गाउँ पार्टी सचिव तेजबहादुर भण्डारी मिति २०५८।९।१६ गते प्रमुख जिल्ला अधिकारीलाई भेट्न र पेन्सन समेत बुझ्नका लागि प्रमुख जिल्ला अधिकारीकोमा भेट्न जाँदा बसबाट ओर्लने वित्तिकै त्यहाँ रहेका प्रहरी र शाही सेना सहितको ६ जनाको टोलीले निजलाई पक्राउ गरी सिडिओकोमा लगेका र सो मिति देखि निजलाई परिवार तथा आफन्तलाई समेत भेट्न नदिई गैरकानूनी रुपमा थुनामा राखेकोले गैरकानूनी थुनामुक्त गराई मानव अधिकारको रक्षा गरीपाउँ भनी मिति २०५८।१०।१८ मा आयोगमा उजुरी दर्ता भएको ।

**आयोगको निर्णय/सिफारिस** आयोगको अनुसन्धानबाट निजलाई सुरक्षाकर्मीले पक्राउ गरी आफनो नियन्त्रणमा रहेको निःशस्त्र व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिम कारवाही गर्नुपर्नेमा सुरक्षा घेरा तोडी भाग्न लागेको भनी सुरक्षाफौजबाट गोली हान्दा नीजको मृत्यु हुन गएको भनी भन्ने सेनाको भनाई तथ्यपरक र विश्वसनीय देखिएन । सूरक्षाफौजको त्यत्तिका मानिसको घेरामा रहेको निःशस्त्र व्यक्ति भाग्न सक्ने अवस्था रहँदैन । त्यसो हुनाले सुरक्षाफौजको मानिसहरूले आफ्नो नियन्त्रणमा रहेको तेजबहादुर भण्डारीलाई गोली हानी गैर-न्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । त्यस घटनामा संलग्न तत्कालिन प्रमुख जिल्ला अधिकारी शिवप्रसाद नेपाल, लमजुङ्ग सेनाका मेजर सन्तोष सिंह ठकुरी, डिएसपी पिताम्वर अधिकारी साथै अन्य कमाण्डर तथा जवानहरूलाई मुलुकी ऐन ज्यानसम्वन्धी महल बमोजिम कानुनी कारवाही गर्न र मृतकका कानून बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

**सिफारिस कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. ८७७ अनुसन्धान ४८८।पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरिएको ।


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**

**Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
**केन्द्रीय कार्यालय, Central Office**
**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**कार्यान्वयनको स्थिति** च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

२.) **लमजुङ्ग जिल्ला चन्द्रेश्वर गा.वि.स वडा नं. ६ का मुक्तिनाथ अधिकारी** का सम्बन्धमा माथि उल्लेखित प्रकाशनको पृष्ठ संख्या ५३४ क्र.सं. ५८८ मा उल्लेख रहेको ।

**उजुरीको संक्षिप्त विवरण** लमजुङ्ग जिल्ला, चन्द्रेश्वर गा.वि.स.वडा नं. ६ घर भई सोही जिल्लाको पाणिनी संस्कृत मा.वि., दुराडाँडामा अध्यापन गराइरहेका शिक्षक मुक्तिनाथ अधिकारीलाई मिति २०५८।१०।३ गते दिउँसो करिव १:३० बजेको समयमा हतियारसहित आएका तत्कालीन ने.क.पा. (माओवादी) का ८–१० जना कार्यकर्ताहरूले अपहरण गरी सोही गा.वि.स.वडा नं. ४ स्थित खजेगाउँमा उत्तीसको रूखमा डोरी र गलवन्दीले बाँधी गोली र चुप्पी प्रहार गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६७।१०।२० गते आयोगमा उजुरी दर्ता भएको ।

**आयोगको निर्णय/सिफारिस** यसमा आयोगको अनुसन्धानबाट युद्धमा संलग्न नभएको एवं निशस्त्र व्यक्ति निज मुक्तिनाथ अधिकारीलाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको पाइयो । घटनामा संलग्न दोषी तत्कालिन ने.क.पा. (माओवादी) का कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यान सम्वन्धी महल बमोजिम कानूनी कारवाही गर्न तथा मृतकका कानून बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने" भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भयो ।

**सिफारिस कार्यान्वयनको लागि गरिएको पत्राचार** आयोगको च.नं. १ अनुसन्धान ४६६ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरिएको ।

**कार्यान्वयनको स्थिति** प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को पत्रानुसार आयोगलाई जानकारी पठाइएकोमा निज मुक्तिनाथ अधिकारीको हकदार श्रीमति इन्दिरा अधिकारीले तीन किस्ता गरी रु. ४,५०,०००।- जिल्ला प्रशासन कार्यालय लमजुङ्गबाट बुझिसकेको भन्ने व्यहोरा उल्लेख ।

माथि उल्लेख गरिए बमोजिमको आयोगको सिफारिस कार्यान्वयन गर्न आयोग नेपाल सरकारसँग पुनः आग्रह गर्दछ । साथै, विषयको गम्भीरतालाई हेरी समाचार सम्प्रेषण गर्दा सम्बन्धित निकायसँग रुजु समेत गर्न आयोग आग्रह गर्दछ ।

......................
वेदप्रसाद भट्टराई
कामु सचिव